## विद्यालयको पृष्ठभूमि

स्याङ्जा र कास्की जिल्ला को दोसाँध फेदीखोला गाउँपालिका वडा नं. १ मट्टीखानमा अवस्थित श्री चण्डीडाँडा माध्यमिक पोखरा महानगरबाट दक्षिण—पश्चिम स्थित करिब १५ कि.मि. पश्चिममा सिद्धार्थ राजमार्गको कुविन्डे देखि पूर्वतर्फ करिब ७ कि.मि. को दूरी तथा फुस्रेखोला रामदीको उकालो हुदैं करिब ९ कि.मि. को दूरीमा रहेको छ । समुन्द्र सतहदेखि १५२५ मि. को उचाइमा अवस्थित पर्यटकीय गाउँ मट्टीखानको काखमा रहेको यस संस्थाबाट विभिन्न हिमश्रृङ्खलाहरु दृश्यावलोकन गर्न सकिन्छ । हाल २६ रोपनी क्षेत्रफलको हरियाली दृष्यमा लुकामारी खेलेको अनुभूति हुने यो संस्थाले कहिले चौतारी, कहिले पायक पर्ने घरआँगन त कहिले खुला चौर हुदैं स्याउलाको सामान्य झुप्रोबाट आफ्नो शैक्षिक इतिहास थालनी गरेको थियो ।आज यो विद्यालय आकर्षक भवन एवं अन्य विविध शैक्षिक सुविधाहरु सहित व्यवस्थित छ। विद्यालय संस्थापकहरुको इच्छा र भावनालाई हृदयङ्गम गर्दै यस गाउँ र ठाउँका समाजसेवी एवं शिक्षाप्रेमी महानुभावहरुको न्यानो माया र ममता को छहारीमा अनेकन आरोह अवरोह पार गर्दै विद्यमान अवस्थासम्म आइपुगेको छ ।

नेपालमा राणा शासनको अन्त्य सगँसगै प्रजातन्त्रको उदय पछि देशव्यापी रुपमा शिक्षालयहरु खुल्ने क्रममा शिक्षार्थीहरुलाई शिक्षा उपलब्ध हुने वातावराण मिलाईदिन हाम्रो परम कर्तव्य हो भन्ने चिन्तन लिई शिक्षाप्रेमीहरु क्रमशः स्व.केदार बहादुर गुरुङ, स्व.कर्ण बहादुर गुरुङ, स्व.जोख बहादुर गुरुङ, स्व.वखत बहादुर गुरुङ, स्व.बल बहादुर गुरुङ र स्व.डिल्लीराम पाध्याको योगदानका कारण वि.सं. २०१५/१०/०७ गते देखि नियमित रुपमा श्री चण्डीडाँडा प्रा.वि. मट्टिखानको नाममा स्थापित भई सञ्चालन हुदै आएकोमा यस विद्यालय वि.सं.२०३५/०७/१६ मा निम्न माध्यमिक, वि.सं. २०५४/०१/३० मा माध्यमिक तह, २०५८/०५/१५ मा ई.सी.डी. तह र २०६७/०४/१३ मा कक्षा (११/१२) का कक्षाहरु सञ्चालन भई निरन्तर रुपमा अध्ययन अध्यापन कार्य हुदै आई रहेको छ।वि.स. २०६५ सालमा विद्यालय स्थापना भएको ५०औं वर्षको स्वर्ण महोत्सव र २०७५ सालमा ६०औं वर्ष पुगेको अवसरमा हीरक महोत्सव जस्ता अविस्मरणिय कार्यक्रमहरु यस विद्यालयले मनाईसकेको छ। यो विद्यालय सामाजिक, साँस्कृतिक र जातीय विविधताले भरिएको ठाउँमा अवस्थित छ ।विभिन्न जात र समुदाय रहेको स्थान भए पनि सबै जातजाति र साँस्कृतिक परम्परामा सबैको सहभागिता र सहिष्णुता रहेको छ ।भौगोलिक रुपमा पर्यटकीय स्थल रहेकाले विभिन्न पर्वअनुसारका सांस्कृतिक कार्यक्रमहरु पनि चलिरहन्छन् । विद्यालयका विशेष कार्यक्रमहरु वार्षिकोत्सव, स्वर्ण महोत्सव, हीरक महोत्सव जस्ता कार्यक्रमहरुमा सक्रिय रुपमा अभिभावक एवं समुदायको आर्थिक, शैक्षिक, तथा विविध पक्षहरुमा सुधारका लागि प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सरसल्लाह, सहयोग रहिआएको छ । यसैले पनि यस विद्यालयका आगामी दिनहरु थप उज्वल छन् भन्न सकिन्छ । शैक्षिक संस्थाको विकासमा विद्यालय, अभिभावक, समुदाय एवं विद्यार्थीहरुको सक्रिय सहभागिताले नै २१ औं शताब्दी सुहाउँदो गुणस्तरीय शिक्षा दिन सकिन्छ भन्ने विद्यालयको विश्वास रहेको छ ।

यस विद्यालय सेवाक्षेत्र अन्तर्गत साविक फेदीखोला गा.वि.स.का वडा नं. ३,४,५,६,८ तथा हाल फेदीखोला गा.पा. वडा नं. १ र साविक कृस्ति नाच्ने चौर गा.वि.स. वडा नं. ८ र ९ हाल पो.म.न.पा. २१ का बालबालिकाहरु यस विद्यालयमा अध्ययन गर्छन् । साथै यस विद्यालय सेवा क्षेत्रबाट विद्यार्थीहरु विद्यालय सम्म आउन ५ मिनेट देखि एक घण्टा सम्म पैदल हिडाई बाट आउने गर्दछन् । यस विद्यालयमा शैक्षिक सत्र-२०८१मा अध्ययन गर्ने कुल विद्यार्थी मध्ये ४५% विद्यार्थी पोखरा महानगरपालिका-२१ बाट रहेका छन्।